## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको बैठक

वैठक संख्याः ०२-२०८२/०८३

समयः दिनको ११:०० बजे

मिति २०८२/०५/१३

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री कालिका तिमिल्सिना लम्साल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री होमनाथ लामिछाने - शिक्षा अधिकृत

श्री गोविन्द प्रसाद पौडेल - अधिकृत प्रशासन

श्री शरद - पोखरेल (लेखा अधिकृत)

श्री [illegible] (का.वि)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मिति: २०८२/०५/१३** **वैठक संख्या: ०२-२०८२/०८३**

**प्रस्तावहरु:**

१. समीक्षा सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को प्रगति समीक्षा सम्बन्धमा।
३. कार्यविधि स्वीकृत सम्बन्धमा।
४. स्थानीय उत्पादन बिक्री तथा व्यवस्थापन आय ठेक्का सम्बन्धमा।
५. आ.व. २०८२/०८३ को योजना कार्यान्वयन सम्बन्धमा।
६. स्थानीय सञ्चार माध्यमहरुसँग सम्झौता सम्बन्धमा।
७. तीज विशेष कार्यक्रम सम्बन्धमा।
८. विविध।

**निर्णयहरु:**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा यस अगाडिको बैठकमा गरिएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २:** प्रस्ताव नं. २ का सम्बन्धमा देवघाट गाउँपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम गाउँपालिका कार्यालयका विभिन्न शाखा तथा वडा कार्यालयबाट संचालित विभिन्न योजता तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षा कार्यक्रम मिति २०८२/०५/१३ गते जनप्रतिनिधि र कर्मचारीहरुको सहभागितामा सम्पन्न भएको सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ का सम्बन्धमा किसानसँग अध्यक्ष संचालन कार्यविधि, २०८२ माथि आवश्यक अध्ययन एवं परिमार्जन गरी आगामी कार्यपालिका वैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ का सम्बन्धमा राजस्व परामर्श समितिबाट सिफारिस भई पेश हुन आएको स्थानीय उत्पादन बिक्री तथा व्यवस्थापन सम्बन्धी आय ठेक्का यथाशीघ्र खोल्ने गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ का सम्बन्धमा आ.व. २०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रमहरुको वार्षिक खरिद योजना तयार गरी सो बमोजिम कार्यान्वयन गर्ने गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ का सम्बन्धमा स्थानीय संचार माध्यमलाई संरक्षण, संवर्द्धन गर्न र संचार माध्यमबाट देवघाट गाउँपालिकाबासी नागरिकलाई सुसुचित गराउने उद्देश्यका साथ सूचना प्रवाह एवं सूचना संप्रेषणका लागि

गाउँ कार्यपालिकाको कार्यालय देवघाट, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

तिल बहादुर थापा
अध्यक्ष

प्रस्ताव माग भई आए बमोजिम स्थानीय पत्रपत्रिका, रेडियो तथा संचार शीर्षकबाट खर्च हुने गरी तपसिलका संचार माध्यमहरुसँग सम्झौता गरी रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः**

| | | |
|---|---|---|
| क) बिहानी ब्रोडकास्टिङ मिडिया प्रा.लि., देवघाट-५ तनहुँ | - | रु. २,००,०००/- |
| ख) रेडियो देवघाट १०२.६ मेगाहर्ज, देवघाट-५, तनहुँ | - | रु. २,००,०००/- |
| ग) अन्य संचार तथा पत्रपत्रिका | - | रु. १,००,०००/- |

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ का सम्बन्धमा देवघाट गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम बमोजिम यस वर्षको तीज विशेष कार्यक्रमको लागि विनियोजित रकम रु. १ लाख मध्येबाट खर्च हुने गरी गाउँपालिका वा अन्तर्गतका महिला कर्चमारी, पालिका स्तरीय महिला सञ्जाल एवं वडा स्थित महिला सञ्जाललाई तीज मनाउनका लागि तपसिल बमोजिम रकम बाँडफाँड गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिलः

क) गाउँपालिका स्तरिय महिला सञ्जालः रु. २५ हजार

ख) गाउँपालिका वा अन्तर्गत महिला कर्मचारीको लागिः रु. २५ हजार

ग) प्रत्येक वडाका वडा स्तरिय महिला सञ्जालको लागि १० हजारको दरले रु. ५० हजार

**निर्णय नं. ८:** प्रस्ताव नं. ८ का सम्बन्धमा देहाय बमोजिमको अन्य विविध निर्णय गरियो।

क) गण्डकी प्रदेश सरकारबाट चालु आ.व. २०८२/८३ मा छिपछिपे नरम बन्चरे सडक निर्माण, देवघाट-२ का लागि रु. ५०,००,०००/- (अक्षरुपी पचास लाख रुपैयाँ मात्र) वजेट विनियोजन भएकोमा विनियोजित वजेट शीर्षकमा पछाडी शंकर पौखरी मैदान भेलपोखरी हटिया सडक फलेवास नगरपालिका २ र ३ पर्वत र लुङ्खु बान्द्रे सेरा सडक माहाशिला-५ लुङ्खु देउराली बजार बाटो स्तरोन्नती महाशिला-५ जोडि आएकोमा उक्त योजनाको पछाडी जोडि आएको नामहरु संशोधन गरी **छिपछिपे नरम बन्चरे सडक निर्माण, देवघाट-२, तनहुँ** बनाई योजना कार्यान्वयन प्रकृया अगाडि बढाईदिनु हुन गण्डी प्रदेश भौतिक पूर्वाधार मन्त्रालय अन्तर्गत जिल्ला स्थित निकायमा पत्राचार गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) देवघाट गाउँपालिका वडा नं. ५ कालीगण्डकी नदी साँढेवगरघाट स्थित मौलाकालिका हाइड्रोपावरबाट उत्खनन् संकलन गरिएका नदीजन्य पदार्थहरको नाँपजाँच गरी नाँपजाँचको परिमाण बमोजिमको राजस्व असूल गर्ने सर्वसम्मत निर्णय गरियो।

ग) देवघाट गाउँपालिका वडा नं. ४ मा विद्युत् पोलहरुको निगरानी एवं हेरचाहको लागि एक जना विद्युत् हेरालुको नियुक्तिको लागि नेपाल विद्युत् प्राधिकरण दमौली शाखालाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) देवघाट गाउँपालिका स्थित सार्वजनिक, निजी एवं सडक किनाराका दायाँ बायाँ राखिएका विज्ञापन वोर्ड एवं होडिङ वोर्ड वापत लिइने करका लागि कोटेशन मार्फत ठेक्का प्रक्रिया अगाडि बढाउने सर्वसम्मत निर्णय गरियो।

देवघाट गाउँपालिका
गाउँपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

ङ) देवघाट गाउँपालिका वडा नं. ५ स्थित हाटबजार व्यवस्थापन गरी हाटबजार उपयोग वापत लिइने दस्तुर कोटेशन मार्फत ठेक्का लगाउने सर्वसम्मत निर्णय गरियो।

च) देवगाट गाउँपालिका वडा नं. ५ मा मिति २०८२/०८/०७ गते संचालन भएको "8A साइड महिला फुटबल प्रतियोगिता" को खेलको क्रममा दमौली एफसीका गोलरक्षक श्री ममता राना गम्भीर रुपमा घाइते भई खुट्टाको ३ ठाउँमा फ्याक्चर हुन गएको र निज विपन्न परिवारको सदस्य रहेको हुँदा उपचारका लागि रकम अभाव भएकोले निजको उपचारको लागि देवघाट गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८२ को बमोजिम बढिमा रु. २०,००० उपचार स्वरुप आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

छ) देवघाट युवा जागरण समाज देवघाट, तनहुँले मिति २०८२/०५/२४ गतेबाट 8A साइड पुरुष फुटबल प्रतियोगिता संचालन गर्नको लागि आर्थिक सहयोग माग भई आएकोमा उक्त युवा जागरण समाज देवघाट, तनहुँको युवाहरुलाई सशक्तिकरण गर्ने उद्देश्य देखिएको र सामुदायिक खेल विकास गर्ने उद्देश्य रहेको हुँदा उक्त प्रतियोगिताको लागि रु. ५०,०००/- (अक्षरुपी पचास हजार रुपैयाँ) वजेट किताव सि.नं. २६७ खेलकुद सहभागिता सहयोगार्थ (खर्च शीर्षक २५३१५) बाट खर्च हुने गरी आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

ज) देवघाट गाउँपालिका वडा नं. ५ निवासी सितिरियो खेलाडि मनिषा गुरुङ, मनिष गुरुङ र हरि बहादुर गुरुङ अन्तराष्ट्रिय सितोरियो कराँते खेल प्रतिस्पर्धाको लागि भारतको मुम्बईमा यहि मिति २०८२/०५/२३ गते सहभागि हुन जाने भएकोले निज खेलाडिहरुलाई जनहि रु. १०,०००/- का दरले जम्मा रु. ३०,०००/- (अक्षरुपी तीस हजार रुपैयाँ मात्र) वजेट किताब सि.नं. २६७ खेलकुद सहभागिता सहयोगार्थ (खर्च शीर्षक २५३१५) बाट खर्च हुने गरी आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा
अध्यक्ष